## महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### गैडावाज, दैलेख
### कर्णाली प्रदेश, नेपाल

महाबु गाउँपालिकाको कार्यालय दैलेख

## सामुदायिक विद्यालयका लागि गा.पा. कोषबाट शैक्षिक अनुदान कार्यविधि

## २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७४ चैत्र ७ गते |

## प्रस्तावना

महावु गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक (प्रा.वि.,आ.वि.र मा.वि.) विद्यालयहरुमा शून्य दरवन्दी भएका विद्यार्थी संख्याका आधारमा कम दरबन्दी भएका विषगत शिक्षक नभएका, तहगत विद्यालय अनुसार शैक्षिक गुणस्त वृद्धि गर्न र पठन पाठन लाई नियमित गर्न गाउँसभा बाट पारित  गा.पा. कोष बाट विनियोजित गरिएको रकम विद्यालयहरुमा आवश्यकता अनुसार शिक्षक व्यवस्थापनका लागि यो कार्य विधि बनाउन आवश्क देखिएकोले स्थानिय सरकार संचालन ऐन २०७४ महावु गा.पा. शिक्षा ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः (१)** यो कार्यविधिको नाम “सामुदायिक विद्यालयमा शैक्षिक अनुदान ”कार्यविधि २०७५ रहेको छ ।

२. यो कार्यविधि महावु गाउँपालिकाको कार्य पालिका वैठकले पारित (अनुमोदन) गरेपछि तुरुन्त लागु हुनेछ ।

३. यो कार्यविधि सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधारमा लागि दिइने अनुदान रकमको प्रयोजनका लागि हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

**(१) “ऐन भन्नाले ”** स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार बनेको महावु गाउँपालिका शिक्षा ऐन  २०७४ सम्झनु पर्ने छ ।

(२) “सामुदायिक विद्यालय शैक्षिक अनुदान” भन्नाले महावु गाउँपालिकाको गाउँसभामा पेश भएको कार्यक्रमबाट गाउँ सभाको पुर्ण वैठकले गा.पा. कोषबाट विनियोजित गरेको शैक्षिक अनुदान रकम भन्ने सम्झनु पर्दछ ।

(३) “कार्यक्षेत्र”: भन्नाले महावु गाउँपालिका क्षेत्र भित्र रहेका सवै सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

(४) “शिक्षा समिति” भन्नाले महावु गाउँपालिका शिक्षा ऐन नवौं संसोधन अनुसार गठित गाउँपालिका शिक्षा समिति सम्झनु पर्दछ ।

महावु गाउँपालिकाको कार्यालय दैलेख

**परिच्छेद -२**

**अनुदानको उद्देश्य तथा प्रयोग**

**१. उद्देश्य** : महावु गाउँपालिका भित्र रहेका शून्य दरबन्दी भएका, विद्यार्थी संख्याका आधारमा कम दरबन्दी भएका, तहगत र विषयगत रुपमा शिक्षक अभाव भई पठन पाठनमा समस्या परेका विद्यालयलाई मध्येनजर गरी गाउँसभा बाट विनियोजित रकमबाट शिक्षा समितिको निर्णय अनुसार तोकिएका विद्यालयलाई तोकिएको अनुदान उपलब्ध गराउने यस कार्य विधिको उद्देश्य रहेको छ ।

२. कार्यविधिको प्रयोगः(१) गाउँसभा वाट विनियोजित शैक्षिक अनुदानको रकम महावु गाउँपालिका शिक्षा समितिको निर्णय अनुसार लेखाशाखा बाट विद्यालय खातामा निकासा भएपछि विद्यालयहरुले महावु गाउँपालिका शिक्षा ऐन २०७४ मा उल्लेख भएबमोजिम विद्यालयको आवश्यकताका आधारमा रित पुर्वक प्रक्रिया पुऱ्याई शिक्षक नियुक्ति गर्नु पर्नेछ ।

(२) प्रत्येक विद्यालयले आवश्कता अनुसार नियुक्ति भएका शिक्षहरुको अभिलेखिकरणका लागि महावु गाउँपालिका शिक्षा शाखामा व्यक्तिगत विवरण फाइल समेत संलग्न राखि नियुक्तिको अभिलेख गराउनु पर्ने छ ।

(३) यसरी नियमअनुसार नियुक्ति भएका शिक्षकहरुको अभिलेख तयार भएपछि विद्यालयले गा.पा. अनुदान वाट त.भ. खाने शिक्षकहरुको तोकिएको शिर्षक अनुसार चौमासिक रुपमा त.भ.निकासा माग गर्नु पर्नेछ ।

(४) चौमासिक रुपमा माग भई विद्यालय खातामा निकासा भएको उक्त अनुदान रकम विद्यालयहरुले नियुक्ति पाएका शिक्षकहरुको खातामा तोकिए अनुसार निकासा दिनु पर्ने छ ।

महावु गाउँपालिकाको कार्यालय दैलेख